# शिवालय गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट

## आर्थिक ऐन, २०७९

**शिवालय गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** शिवालय गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम शिवालय गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि शिवालय गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **खानी तथा खनिज शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खानीहरुको उत्खनन तथा निकासी लागी सिफारिस र दर्ता एवं निकासी परिमाणमा अनुसुचि (१४) मा उल्लेखित दरमा खानी तथा खनिज शुल्क लागाईने र असुल उपर गरिनेछ । तर संघ तथा प्रदेश कानुन संग बाझिने गरी लगाइने र असुल उपर गरिनेछैन ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची- १
### (दफा २ सँग सम्बन्धित)
### सम्पति कर

| क्र.सं. | देखि | सम्म | कर निर्धारण |
|---|---|---|---|
| १. | १ | १००००० | छुट |
| २. | १००००१ | २५०००० | १२५ |
| ३. | २५०००१ | ४००००० | १५० |
| ४. | ४००००१ | ६००००० | १७५ |
| ५. | ६००००१ | ८००००० | १८५ |
| ६. | ८००००१ | १०००००० | २०० |
| ७. | १०००००१ | १२५०००० | २५० |
| ८. | १२५०००१ | १५००००० | ३०० |
| ९. | १५००००१ | १७५०००० | ३५० |
| १०. | १७५०००१ | २०००००० | ४०० |
| ११. | २०००००१ | २२००००० | ५०० |
| १२. | २२००००१ | २४००००० | ६०० |
| १३. | २४००००१ | २६००००० | ७०० |
| १४. | २६००००१ | २८००००० | ८०० |
| १५. | २८००००१ | ३०००००००| ९०० |
| १६. | ३०००००१ | ३२५०००० | १२०० |
| १७. | ३२५०००१ | ३५००००० | १४५० |
| १८. | ३५००००१ | ३७५०००० | १७०० |
| १९. | ३७५०००१ | ४०००००० | १९५० |
| २०. | ४०००००१ | ४२५०००० | २२०० |
| २१. | ४२५०००१ | ४५००००० | २४५० |
| २२. | ४५००००१ | ४७५०००० | २७५० |
| २३. | ४७५०००१ | ५०००००० | ३००० |
| २४. | ५०००००१ | ६०००००० | ३५०० |
| २५. | ६०००००१ | ७०००००० | ५००० |
| २६. | ७०००००१ | ८०००००० | ६५०० |
| २७. | ८०००००१ | ९०००००० | ८००० |
| २८. | ९०००००१ | १०००००००| १०००० |
| २९. | १००००००१ | १२०००००० | १२००० |
| ३०. | १२००००००१ | १४०००००० | १४००० |
| ३१. | १४००००००१ | १६०००००० | १६००० |
| ३२. | १६००००००१ | १८०००००० | १८००० |
| ३३. | १८००००००१ | २०००००००० | २०००० |
| ३४. | २००००००१ | २५०००००० | २५००० |
| ३५. | २५००००००१ | ३००००००० | ३०००० |
| ३६. | ३००००००१ | ३५०००००० | ३५००० |
| ३७. | ३५००००००१ | ४००००००० | ४०००० |

| | | | |
|---|---|---|---|
| ३८. | ४०००००० १ | ४५००००००० | ५०००० |
| ३९. | ४५०००००१ | ५००००००० | ६०००० |
| ४०. | ५०००००० १ | मथि | रु २ प्रति हजार |

**अनुसूची- २**
**(दफा ३ सँग सम्बन्धित)**
**भुमिकर मालपोतको दररेट**

| क.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | राजमार्ग आसपास | प्रति रोपनी रु २००। | छेडा कचाली सडक खण्डको दायाँ बायाँ |
| २ | शिवालय बजार आसपास | प्रति रोपनी रु ३००। | |
| ३ | सडक पहुँच भएको | प्रति रोपनी रु १५०। | |
| **गाउँको अन्य जग्गामा खेत** | | | |
| **क.सं.** | **विवरण** | **करको दर** | **कैफियत** |
| १ | अब्बल | प्रति रोपनी रु १०। | |
| २ | दोयम | प्रति रोपनी रु ९। | |
| ३ | सिम | प्रति रोपनी रु ८। | |
| ४ | चाहर | प्रति रोपनी रु ७। | |
| **पाखो जग्गा** | | | |
| १ | अब्बल | प्रति रोपनी रु ८। | |
| २ | दोयम | प्रति रोपनी रु ७। | |
| ३ | सिम | प्रति रोपनी रु ६। | |
| ४ | चाहर | प्रति रोपनी रु ५। | |

**अनुसूची- ३**
(दफा ४ सँग सम्बन्धित) मा संशोधन
**घर बहाल करको दररेट**

शिवालय गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा पोखरी वा अन्य सम्पति पुरै वा आंशिक रुपमा बहाल दिएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । संगठित संस्था कम्पनी कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा लिए वापत वहाल रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नुपर्ने छ ।

**अनुसूची-४**
(ऐनको दफा ५ उपदफा (५) संग सम्बन्धित) मा संशोधन
**व्यवसाय कर**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउन सक्ने व्यवसाय करको न्यूनतम तथा अधिकतम दर

| क.सं. | व्यवसायको किसिम | दर्ता रकम रु | नविकरण रकम रु |
|---|---|---|---|
| १ | **पसल** | | |
| | खुद्रा विकी पसल | १०००। | ५००। |
| | थोक विकी पसल | १५००। | १०००। |
| | मिठाई पसल | १०००। | ५००। |
| | तरकारी तथा फलफुल | १०००। | ५००। |
| २ | **होटल तथा रेष्टुरेन्ट** | | |
| | २० लाख भन्दा वढि पुँजी भएका | १००००। | ३०००। |
| | २० लाख सम्म पुँजी भएका | ७५००। | २०००। |
| | १० लाख सम्म पुँजी भएका | ५०००। | १०००। |
| | ५ लाख सम्म पुँजी भएका | ३०००। | ५००। |
| ३ | **पेट्रोल, मट्टीतेल र डिजेल विक्रि पसल** | ५०००। | २५००। |
| | पेट्रोल पम्प | २०००००। | |
| ४ | **चुरोट तथा सुर्तीजन्य व्यवसाय** | | |
| | क. गा.पा. क्षेत्र भित्र प्रधान कार्यालय भएका (२० लाख भन्दा माथि पुँजि) | २००००। | |
| | ख. गा.पा. क्षेत्र भित्र शाखा कार्यालय (डिलर) भएका (१० लाख सम्म पुँजि) | १००००। | |
| | ग. गा.पा. क्षेत्र भित्र काउन्टर मात्र भएका (फुटकर विक्रेता) ५ लाख सम्मको पुँजि) | २०००। | |
| ५ | **मदिरा पसल तथा कोल्ड स्टोर्स** | | |
| | क. २० लाख भन्दा माथी पुँजी भएका | २००००। | ७०००। |
| | ख. २० लाख सम्म पुँजी भएका | १२०००। | ५०००। |
| | ग. १० लाख सम्म पुँजी भएका | ८०००। | ३०००। |
| | घ. ५ लाख सम्म पुँजी भएका | ५०००। | २०००। |
| ६ | **काँचो तथा फेन्सी कपडा पसल र श्रृंगार पसल समेत** | | |
| | क. २० लाख भन्दा माथी पुँजी भएका | ५०००। | १५००। |
| | ख. २० लाख सम्म पुँजी भएका | ४०००। | १०००। |
| | ग. १० लाख सम्म पुँजी भएका | २५००। | ७५०। |
| | घ. ५ लाख सम्म पुँजी भएका | १५००। | ५००। |
| ७ | **किराना तथा खाद्यान्न पसल** | | |
| | क. २० लाख भन्दा माथी पुँजी भएका | ५०००। | ३०००। |
| | ख. २० लाख सम्म पुँजी भएका | ३०००। | २०००। |
| | ग. १० लाख सम्म पुँजी भएका | २०००। | १०००। |
| | घ. ५ लाख सम्म पुँजी भएका | १०००। | ५००। |
| ८ | **भाँडा पसल** | | |
| | क. २० लाख भन्दा माथी पुँजी भएका | ५०००। | ३०००। |
| | ख. २० लाख सम्म पुँजी भएका | ३०००। | २०००। |

| | | | |
|---|---|---|---|
| | ग. १० लाख सम्म पुँजी भएका | २०००। | १०००। |
| | घ. ५ लाख सम्म पुँजी भएका | १५००। | ५००। |
| ९ | **ग्याँस डिलर** | २५००। | १०००। |
| १० | **फर्निचर उद्योग (स्टिल तथा काठ)** | | |
| | क. २० लाख भन्दा माथी पुँजी भएका | १००००। | ३०००। |
| | ख. २० लाख सम्म पुँजी भएका | ७०००। | २०००। |
| | ग. १० लाख सम्म पुँजी भएका | ४०००। | १०००। |
| | घ. ५ लाख सम्म पुँजी भएका | २५००। | ५००। |
| ११ | **कुटानी पिसानी मिल** | २०००। | ५००। |
| १२ | **समिल** | ६०००। | ३०००। |
| १३ | **छाला जुत्ता वनाउने तथा विक्रि गर्ने पसल** | १०००। | ५००। |
| १४ | **एग्रोभेट (मल तथा विउ विजन विक्रि गर्ने समेत)** | १०००। | ५००। |
| १५ | **घरेलु उद्योग (चाउमिन, दालमोट, मसला आदी)** | | |
| | क. २० लाख भन्दा माथी पुँजी भएका | ५०००। | ३०००। |
| | ख. २० लाख सम्म पुँजी भएका | २०००। | २०००। |
| | ग. १० लाख सम्म पुँजी भएका | १५००। | १०००। |
| | घ. ५ लाख सम्म पुँजी भएका | १०००। | ५००। |
| १६ | **मोटरसाइकल विक्रि सोरुम** | १००००। | ५०००। |
| १७ | **ग्यारेज (मोटरसाइकल तथा गाडी)** | ५०००। | ३०००। |
| १८ | **ग्यारेज सोरुम दुवै भएको** | १५०००। | ५०००। |
| १९ | **विद्युत सामागी विक्रि पसल** | २०००। | १०००। |
| २० | **ग्रील उद्योग** | ५०००। | ३०००। |
| २१ | **मोवाइल विक्रि तथा मर्मत पसल** | २५००। | १०००। |
| २२ | **हार्डवयर पसल** | | |
| | क. २० लाख भन्दा माथी पुँजी भएका | २००००। | ५०००। |
| | ख. २० लाख सम्म पुँजी भएका | १५०००। | ३०००। |
| | ग. १० लाख सम्म पुँजी भएका | १००००। | २०००। |
| | घ. ५ लाख सम्म पुँजी भएका | ५०००। | १०००। |
| २३ | **कम्प्युटर विक्रि तथा मर्मत पसल** | ३५००। | १०००। |
| २४ | **औषधी पसल** | | |
| | औषधी पसल डक्टर भएको | १५०० | १०००। |
| | औषधी पसल डक्टर नभएको | १००० | ५००। |
| २५ | **सहकारी तथा सामुदायिक उपचार केन्द्र** | २०००। | ५००। |
| २६ | **निजि चिकित्सालय तथा दन्त उपचार केन्द्र** | ३०००। | १०००। |
| २७ | **माछा मासु विक्रि पसल** | १०००। | ५००। |
| २८ | **डेरी पसल** | ५००। | १००। |

| | | | |
|---|---|---|---|
| २९ | **हजाम ( हेयर कटिङ) पसल** | १५००। | ५००। |
| ३० | **टेलर्स पसल (सिलाउने मात्र)** | | |
| | क. सिलाई मेशिन २ सम्म | १०००। | २००। |
| | ख.सिलाई मेशिन ५ सम्म | २५००। | ५००। |
| | ग. सिलाई मेशिन ५ भन्दा माथि | ४०००। | १०००। |
| ३० | **छपाई तथा प्रकाशन** | | |
| | साधारण प्रेस | १००० | ५००। |
| | अफसेट प्रेस | २००० | १०००। |
| | फोटो स्टुडियो | १०००। | ५००। |
| | आर्ट पसल | १५००। | ५००। |
| | फोटो तथा लेमिनेशन पसल | १०००। | ५००। |
| ३१ | **प्राविधिक शिक्षण सेवा (अनुमति प्रतिकक्षा)** | | |
| | क. पुर्व प्रा.वि. प्रतिकक्षा | ५०००। | |
| | ख. आधारभुत (कक्षा ५ सम्म) प्रतिकक्षा | ७५००। | |
| | ग. आधारभुत कक्षा ८ सम्म पतिकक्षा | ९०००। | |
| | घ. मा.वि.कक्षा १२ सम्म प्रतिकक्षा | १२०००। | |
| ३२ | **प्राविधिक शिक्षालय** | १२०००। | |
| | उच्च शिक्षा | १५०००। | |
| | कम्प्युटर इन्स्चियुट | ५०००। | |
| | कोचिंग तथा ट्युसन सेन्टर | ५०००। | |
| ३३ | **लेखापढि व्यवसाय** | २०००। | |
| ३४ | **क्रसर उद्योग ( वार्षिक)** | ५००००। | |
| ३५ | **घुमन्ते व्यवसाय (गोदाम भएको )** | ५०००। | |
| ३६ | **घुमन्ते व्यवसाय ( गोदाम भएको )** | २५००। | |
| ३७ | **निजि टेलिफोन टावर (प्रतिटावर)** | | |
| | १.स्थापना प्रतिटावर | १००००। | |
| | २. वार्षिक कर (प्रतिटावर) | ५०००। | |
| ३८ | **शिवालय गाउँपालिका क्षेत्रको सडक किनारा, फुटपाथ, सार्वजनिक जग्गा आदिमा ने.वि.प्रा. टेलिकम आदिको पोल, क्याविनेट, तारवार, टान्सफरमर आदि राखि तार लाईन विस्तारमा निम्न अनुसार शुल्क लिने** | | |
| | नेपाल टेलिकम | | |
| | १. साधारण प्रति पोलको | ५०। | |
| | २. तारलाइन प्रतिमिटर | ०५। | |
| | ३. क्याविनेट एकको | २००। | |
| ३९ | **विद्युत सम्वन्धी** | | |
| | १. केन्द्रिय लाइन एक पोलको | १५००। | |
| | २. साधारण पोल भएको | ४००। | |

| | | | |
|---|---|---|---|
| | ३. टान्सफरमर एकको | ४००। | |
| | ४. तारलाई प्रति मिटर | ०.५ | |
| ४० | **सडक पिच तथा गाभेल कटिङ शुल्क** | | |
| | क. मुख्य वाटो पिच कटिङ शुल्क | ६०००। | |
| | ख. सहायक वाटो पिच कटिङ शुल्क | ४०००। | |
| | ग. ग्राभेल वाटो कटिङ शुल्क | १०००। | |
| | घ. कच्ची वाटो कटिङ शुल्क | ५००। | |
| ४१ | **वित्तिय सेवा** | | |
| | क. वाणिज्य वैंक शाखा | १५०००। | |
| | ख. विकास वैंक शाखा | १००००। | |
| | ग. विमा कम्पनी शाखा | १५०००। | |
| | घ. लघुवित्त संस्था | ५०००। | |
| ४२ | **सहकारी** | | |
| | क. वहुउदेश्यीय | २५००। | १५००। |
| | ख. बचत तथा ऋण | १५००। | १०००। |
| | ग. कुषि | ५००। | १००। |
| ४३ | **निर्माण व्यवसायी** | | |
| | क श्रेणीका रजिष्टर्ड गा.पा. कार्यालय रहेका | २५०००। | |
| | ख श्रेणीका रजिष्टर्ड गा.पा. भित्र कार्यालय रहेका | १५०००। | |
| | ग श्रेणीका रजिष्टर्ड गा.पा. भित्र कार्यालय रहेका | १००००। | |
| ४४ | **घ वर्गको निर्माण व्यवसायी इजाजत** | | |
| | क. नँया दर्ता | ५००००। | |
| | ख. नविकरण | ५०००। | |
| | ग. नविकरण थप दस्तुर | १००००। | |
| | घ. दा.खा. नामसारी हकवाला वाहेकलाई | २५०००। | |
| | ङ. दा.खा. नामसारी एकाघर परिवारमा | ५०००। | |
| | च. इजाजत पत्रको प्रतिलिपी | १०००। | |
| ४५ | **लेखापरीक्षण व्यवसाय** | | |
| | क श्रेणीका रजिष्टर्ड | ५०००। | |
| | ख श्रेणीका रजिष्टर्ड | ४०००। | |
| | ग श्रेणीका रजिष्टर्ड | ३०००। | |
| | घ श्रेणीका रजिष्टर्ड | २०००। | |
| ४६ | **कानुनी व्यवसायी** | | |
| | क. अधिवक्ता | ५०००। | |
| | ख. अभिवक्ता | ३०००। | |
| | ग. नोटरी पब्लीक सहित कानुन व्यवसाय | ६०००। | |
| | घ. साधारण लेखापढि व्यवसाय | २०००। | |

| | | | |
|---|---|---|---|
| ४७ | **चश्मा पसल** | १५००। | |
| ४८ | **पत्रिका तथा स्टेश्नरी पसल ५ लाख भन्दा वढि पुँजी भएको** | ३०००। | |
| ४९ | **पत्रिका तथा स्टेश्नरी पसल ५ लाख सम्म पुँजी भएको** | १५००। | |
| ५० | **सुनचाँदी व्यवसाय** | | |
| | क. २० लाख भन्दा माथी | २५०००। | |
| | ख. २० लाख सम्म | १८०००। | |
| | ग. १० लाख सम्म | ८०००। | |
| | घ. ५ लाख सम्म | ५०००। | |
| ५१ | **बैदेशिक रोजगार कम्पनी वा सम्पर्क केन्द्र** | १००००। | |
| ५२ | **प्राविधिक तथा सामाजिक परामर्श केन्द्र** | ५०००। | |
| ५३ | **आइ.एम.इ. तथा मनि ट्रान्सफर** | ३०००। | |
| ५४ | **विज्ञापन एजेन्सी** | १५००। | |
| ५५ | **कन्सल्टेन्सी** | ५०००। | |
| ५६ | **घट्ट कर** | | |
| | क. १२ महिना चल्ने | ५०। | |
| | ख. ९ महिना चल्ने | ४०। | |
| | ग. ६ महिना चल्ने | ३०। | |
| | घ. ३ महिना चल्ने | २०। | |

**अनुसूची ५**

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## जडिबुटी, कवाडी र जिवजन्तु कर

| क.सं. | विवरण | कायम करको दर | कैफियत |
|---|---|---|---|
| क. | ऊन, खोटो, जडिबुटी, वनकस | | |
| १ | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के.जी. | ० | |
| २. | खोटो प्रति के.जी. | १। | |
| ३. | जटिबुटीहरु (.........................) प्रति के.जी. | १। | |
| ४. | वनकस (खर) बाबीयो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता,पटेर, अम्लीसो (कुच्चो प्रति के.जी. | १। | |
| ख. | कवाडी मालसामान | | |
| १. | खाली सीसी (वियर) वोतल साईजहेरी प्रति गोटा | ।५० | |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथी प्रति गोटा | ।५० | |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रति गोटा | ।२५ | |
| ४. | प्लाष्टीक ( बोतल, भाँडाकुडा, पुराना जुत्ता, चप्पल, ग्यालन, र जर्किन आदी ) प्रति के.जी. | ।२५ | |

| | | | |
|---|---|---|---|
| ५ | खाली बोरा :<br>५० के.जी. सम्मा खाद्यान्न अट्ने प्लाष्टीकका बोरा प्रति गोटा<br>५० के.जी. सम्मा खाद्यान्न अट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्मा खाद्यान्न अट्ने जुटका बोरा प्रति गोटा | <br>।२५<br>।२५<br>।५० | |
| ६. | तेलको टिन<br>१० लिटर भन्दा बढी अट्ने बढी प्रति गोटा<br>१० लिटर भन्दा कम अट्ने सानो प्रति गोटा | <br>।५०<br>।२५ | |
| ७. | पुनः प्रशोधन ( रिसाईकलिङ) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु (प्राकृतिम र कृतिम उनका टुक्रा ) प्रति के.जी.<br>गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.<br>जलेको मोविल प्रति लिटर<br>जुट र प्लाष्टीकका बोरा प्रति के.जी.<br>टायर ट्युव प्रति के.जी.<br>थोत्रो टिन प्रति के.जी.<br>पुरानो ड्रम प्रति के.जी.<br>पुराना कागज (काटुर्न समेत) प्रति के.जी.<br>**धातुका टुक्रहरु र पत्रुभई काम नलाग्ने भएका धातु सामानहरु**<br>(क) फलाम प्रति के.जी.<br>(ख) अन्य धातु (पितल, तामा आदी) प्रति के.जी.<br>(ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजारहरु प्रति के.जी.<br>(घ) पोलीथिन पाईपका टुक्राहरु प्रति के.जी.<br>(ङ) सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी.<br>(च) काँचको धुलो र टुक्रा प्रति के.जी. | <br>।२५<br>।२५<br>।२५<br>।२५<br>।२५<br>।२५<br>।२५<br>।२५<br><br>१।<br>२।<br>१<br>।२५<br>।२५<br>।२५ | |
| ८. | प्रचलित कानुनले निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारीएका जिवजन्तुहरुको हाड, सिंह, प्वाख, छाला<br>हाँस, कुखुरा जस्ता पंछिहरुको प्वाँख प्रति के.जी.<br>हाड प्रति के.जी.<br>सिंह प्रति के.जी.<br>खुर प्रति के.जी.<br>छाला (ठुलो) प्रति गोटा<br>छाला (सानो) प्रति गोटा | <br>।५०<br>।२५<br>।२५<br>।२५<br>५।<br>३। | |
| ९ | गाउँपालिका भित्र वाट खरिद बिक्रि भई निकासी हुने जिव जन्तुहरुको<br>भैसि, राँगा प्रति गोटा<br>गाई, गोरु प्रति गोटा<br>खसि, बोका, बाख्रा प्रति गोटा | <br>५००।<br>१००।<br>५०। | |

## अनुसुचि - ६

(दफा ७ को उप दफा (२) संग सम्वन्धित)

## सवारी साधन करको दररेट

| क स | सवारीको किसिम | दर्ता रु | वार्षिक करको दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्काभेटर | | | |
| | (क) २२० सीसी माथी | २००००। | १००००। | |
| | (ख) २२० सीसी भन्दा कम | १५०००। | ५०००। | |
| २ | हेभी | १००००। | २५००। | |
| ३ | हल्का/ट्याक्टर /समेत | ५०००। | १५००। | |
| ४ | मोटर साईकल | १०००। | ५००। | |

| | | | | |
|---|---|---|---|---|
| ५ | अटोरिक्सा | ३०००। | १०००। | |
| ६ | विद्युतिय रिक्सा तथा स्कुटर | १०००। | ५००। | |
| **७** | **सवारी पटके कर** | | | |
| | ट्रक | | १००। | |
| | बस | | १००। | |
| | हल्का/ट्याक्टर /समेत | | २५। | |
| | मोटर साईकल | | १०। | |

## अनुसूची- ७

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित )

**<u>विज्ञापन करको दर</u>**

| क्र.स. | विवरण | २०७९ साउन देखि स्वीकृत दर |
|---|---|---|
| **१** | **आफ्नो क्षेत्रमा प्रचार आदीका लागि राख्न दिने साइनवोर्डमा कर लाग्नेछ** | |
| क | डिजिटल डिस्प्लेहरु प्रति वर्ग फुट | ५००। |
| ख | पर्खाल वार भित्ता आदीमा आफ्नो संस्थाको रंग पोत्ने आदीमा प्रति वर्ग फुट | ५००। |
| ग | सार्वजनिक स्थान प्रतिक्षलयमा राख्ने विज्ञापन सामाग्रीमा प्रति वर्गफुट | ३००। |
| घ | उपरोक वाहेकका अन्यका हकमा प्रति वर्ग फुट | ५००। |
| ङ | पोल व्यानर प्रति हप्ता प्रति व्यानर | ५००। |
| च | मोवाइल भ्यान गाडीवाट गरिने विज्ञापन व्यवसाय प्रति दिन | २००। |
| छ | खेलकुद मैदानमा गरिने विज्ञापन | प्रति वर्ग फिट २०। |
| ज | ठेला गाडा रिक्सा गरिने खाद्य सम्बन्धी प्रति दिन | ४०। |
| २ | **सवारी साधनमा गरिने विज्ञापन** | |
| क | सवारी साधनको छतमा गरिएको विज्ञापन प्रति वर्गफिट | ५०। |
| ख | सवारी साधनको ढोका वा अन्य भागको विज्ञापन प्रति वर्ग फिट | ४०। |
| ग | सवारी साधनको पछाडी पट्टीको सिसामा विज्ञापन प्रति वर्ग फिट | ६०। |
| घ | सवारी साधनमा विज्ञापन प्रयोजनका लागि माइकिग प्रति दिन | ५००। |
| ङ | अन्य जुनसुकै सवारी साधनको पछाडी भागमा राखिने कुनै प्रकारको विज्ञापन सामाग्रीको प्रति फुट | ५०। |
| ३ | अनलाइन विज्ञापन प्रति घन्टा | २००। |
| ४ | एफ एम विज्ञापन प्राइम टाइम ६ एएम देखि ९ एएम, ६ पिएम देखि ९ पिएम प्रति मिनेट | २००। |
| ५ | सामान्य समय नर्मल समय प्रति मिनेट रु | १००। |

## अनुसूची- ८

(दफा ९ को उपदफा (१) सँग सम्बन्धति)

**<u>मनोरञ्जन कर</u>**

| | | |
|---|---|---|
| १. | मेलामा पसल थापे वापत | एकमुष्ट रु ५००। |
| २. | गाउँपालिका क्षेत्रमा पसल राखेबापत प्रति महीना प्रति कोठा | रु २००। |
| ३. | गाउँपालिका क्षेत्रमा घुम्ती प्रति महीना | रु १००। |

## अनुसूची- ९

(दफा १० को उपदफा (१) सँग सम्बन्धति)

**बहाल बिटौरी शुल्कको दर**

| क्र.सं. | विवरण | कायम करको दर | कैफियत |
|---|---|---|---|
| १ | बस | १०००। | व्यवसायिक समिति सगँको सम्झौता अनुसार हुने सबै सबारी साधनको पार्किङ्ग भाडाको लागि |
| २ | लहरी | १०००। | |
| ३ | ट्रक | १०००। | |
| ४ | सुमो | १०००। | |
| ५ | ट्र्याक्टर | ७००। | |
| ६ | मिनि बस | ७००। | |
| ७ | हाईस किया | ५००। | |
| ८ | कार जिव | ५००। | |
| ९ | मोटर साईकल | २००। | |

## अनुसूची- १०

(दफा १२ सँग सम्बन्धित)

| क्र.सं. | विवरण | कायम करको दर | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग प्रतिपटक एकल | ५००। | |
| २ | कोयोकिट | १०००। | |
| ३ | क्यानोईङ | १०००। | |
| ४ | बन्जी जम्पीङ्ग | १०००। | |
| ५ | जिपफ्लायर | १०००। | |
| ६ | ऱ्याफ्टीङ्ग | ५००। | |

## अनुसूची- ११

(दफा १३ सँग सम्बन्धित

**सेवा शुल्क दस्तुर**

| क.स. | विवरण | शुल्क तथा दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | रु.५००। | |
| २ | मोही लगत कट्टा | रु.१०००। | |
| ३ | घर कायम सिफारिस | रु.५००। | |
| ४ | छात्रवृत्ति सिफारिस | १००। | |
| ५ | विपन्न विद्यार्थी छात्रवृति सिफारिस | ०।० | |
| ६ | अपांग सिफारिस | ०।० | |
| ७ | अस्थायी बसोवास सिफारिस | ५००। | |
| ८ | स्थायी बसोबास सिफारिस | १०००। | |
| ९ | नागरिकता सिफारिस | २००। | |
| १० | अंगिकृत नागरिकता सिफारिस | २००। | |
| ११ | आर्थिक अवस्था सिफारिस(बलियो ) | ३०००। | |
| १२ | विद्युत जडान सिफारिस (नक्सा पास भएका) | ५००। | |
| १३ | विद्युत जडान सिफारिस (नक्सा पास नभएका) | १०००। | |

| | | | |
|---|---|---|---|
| १४ | धारा जडान सिफारिस ( नक्सा पास भएका) | ५००। | |
| १५ | धारा जडान सिफारिस ( नक्सा पास नभएका) | १०००। | |
| १६ | जिवित रहेको सिफारिस | ५००। | |
| १७ | जन्म मिति संसोधन सिफारिस | १००। | |
| १८ | जग्गा मुल्यांकन सिफारिस | १५००। | |
| १९ | व्यवशाय बन्द सिफारिस | १०००। | |
| २० | व्यवसाय नभएको सिफारिस | ५००। | |
| २१ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०००। | |
| २२ | अदालत शुल्क मिनाहा सिफारिस | १००। | |
| २३ | व्यापार ठाउसारी सिफारिस | १०००। | |
| २४ | आन्तरिक बसाईसराई सिफारिस | ५००। | |
| २५ | विद्यालय कक्षा वृद्धि सिफारिस | ३०००। | |
| २६ | पुर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस | २०००। | |
| २७ | व्यक्तिगत विवरण सिफारिस | ५००। | |
| २८ | सार्वजनिक जग्गा दर्ता सिफारिस (प्रति रोपनी ) | १०००। | |
| २९ | संरक्षक सिफारिस( व्यक्तिगतं | १००। | |
| ३० | संरक्षक सिफारिस( संस्थागत) | ५००। | |
| ३१ | नाता प्रमाणित सिफारिस (नेपाली) | १००। | |
| ३२ | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | २००। | |
| ३३ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १००। | |
| ३४ | संस्था दर्ता सिफारिस (नाफामुखी) | ५०००। | |
| ३५ | संस्था दर्ता सिफारिस (गैर नाफामुखी) | १५००। | |
| ३६ | घर बाटो प्रमाणित सिफारिस | १०००। | |
| ३७ | चार किल्ला प्रमाणित सिफारिस | ५००। | |
| ३८ | जन्म मिति प्रमाणित | १००। | |
| ३९ | विवाह प्रमाणित | २००। | |
| ४० | घर पाताल प्रमाणित | ३०००। | |
| ४१ | फरक फरक नामथर सिफारिस प्रमाणित | १००। | |
| ४२ | फरक फरक जन्ममिति सिफारिस प्रमाणित | १००। | |
| ४३ | मञ्जरीनामा प्रमाणित | १०००। | |
| ४४ | संरक्षक प्रमाणित | १००। | |
| ४५ | हकदार प्रमाणित | १५००। | |
| ४६ | अविवाहित प्रमाणित | ५००। | |
| ४७ | जग्गा रेखांकन सम्वन्धी रोहवरमा वस्ने | १५००। | |
| ४८ | जग्गा धनी पुर्जा हराएको सिफारिस | १००। | |
| ४९ | पुर्जा घर कायम गर्नृ सिफारिस | ५००। | |
| ५० | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५००। | |
| ५१ | मिलापत्र कागज गराउने | १०००। | |
| ५२ | नाता प्रमाणित दस्तुर | २००। | |

| | | | |
|---|---|---|---|
| ५३ | अन्य सिफारिस | २००। | |
| ५४ | जन्म,मुत्यु, विवाह, वसाईसराई, सम्वन्ध विच्छेद दर्ता (३५ दिनभित्र निशुल्क त्यसपछि जतिसुकै दिन भएपनि रु | १००। | |
| **५४** | **घरपालुवा पशु पंक्षी दर्ता शुल्क** | **०** | |
| क | भेडा-बाखा (प्रति गोटा) | २। | |
| ख | गाई भैसी (प्रति गोटा) | १०। | |
| ग | कुखुरा, हाँस (प्रति गोटा) | १। | |
| घ | घोडा खच्चड (प्रति गोटा) | २०। | |
| ङ | कुकुर, बिरालो (प्रति गोटा) | २५। | |
| ५५ | भवन निर्माण स्वीकृत मापदण्ड भित्र रहेता पनि नक्सा स्वीकृत नलिइ निर्माण भइ सकेको भवनको नक्सा स्वीकृत गर्न परेमा प्रति वर्गफूट | १०। | |
| ५६ | भवन नक्शा नामसारी प्रति बर्ग फुट | ५। | |
| ५७ | नयाँ भवन नक्शा पास प्रति बर्ग फुट | ५। | |

**अनुसूची- १२**

(दफा १४ सँग सम्बन्धित

## पर्यटन शुल्क

| क. स. | बिवरण | दर (रुपैया) | कैफियत |
|---|---|---|---|
| १. | आन्तरिक पर्यटक प्रबेश शुल्क | २०। | |
| २. | बाह्य पर्यटक (सार्क राष्ट भित्र) प्रवेश शुल्क | २००। | |
| ३. | बाह्य पर्यटक (सार्क राष्ट बाहिर ) प्रवेश शुल्क | ५००। | |
| ४. | शैक्षिक भ्रमण ( बिद्यार्थीहरुका लागी ) १ विद्यालय वापत | १००। | |

**अनुसूची- १३**

## खानी तथा खनिज शुल्क

| क्र.सं. | विवरण | कायम करका दर | कैफियत |
|---|---|---|---|
| १ | काईनाईट खानी खोज तलासको सिफारिस | रु १००००। | |
| २ | काईनाईट खानी उत्खननको सिफारिस | रु २००००। | वडा न. २ को २००० र अन्य क्षेत्रको काईनेटको रु ५०० |
| ३ | काईनाईट निकासी प्रति किलो ग्राम | रु २००००। | |
| ४ | तुर्मालिन खानी खोज तलासको सिफारिस | रु २००००। | |
| ५ | तुर्मालिन खानी उत्खननको सिफारिस | रु २००००। | |
| ६ | तुर्मालिन निकासी प्रति किलो ग्राम | रु १००। | |
| ७ | ढुङगा खानी उत्खनन स्वीकृति | रु ५०००। | |
| ८ | ढुंङगा खानीबाट ढुङगा निकासी ( सिलेट) | प्रति गोटा रु ३। | |
| ९ | ढुगा गिट्टी बालुवा निकासी प्रति घ मि | १०६। | |
| १० | क्रसर उद्योग संचालन अनुमति | रु ५०००। | |
| ११ | क्रसर उद्योग कर | रु २००००। | |
| १२ | एक्वामिरिन | प्रति के.जी रु ३०००। | |
| १३ | अरु जातीको पत्थर जस्तै टुरमालिन, क्वार्ज, ग्रिन टुरमालिन , फन्टा आदिमा क्रमश | प्रति के.जी रु ५००, ३००, १०० र २०० | |

## समुह दर्ता तथा नविकरण शुल्क

| क्र.सं. | समुहको नाम | दर्ता शुल्क रु | नविकरण शुल्क |
|---|---|---|---|
| १ | कृषि फर्म तथा कृषक समुह | १०००। | ५००। |

| | | | |
|---|---|---|---|
| २ | पशु फर्म तथा पशु पालन समुह | १०००। | ५००। |
| ३ | महीला समुह, आमा समुह | १०००। | ५००। |
| ४ | खेलकुद क्लव, युवा क्लव | १०००। | ५००। |
| ५ | उपभोक्ता समिति | ५००। | ५००। |
| ६ | म्याद समाप्त भएको १ महीना सम्मा नविकरण शुल्कमा जरिवाना शुल्क लाग्ने छैन १ महीन नाघेमा नविकरण शुल्कको थप २५ प्रतिशत जरिवाना शुल्क लाग्ने छ। | | |
| ७ | बाल क्लव | निशुल्क | निशुल्क |

## सभाहल प्रयोग गरे वापतको भाडा प्रति कार्यकम

| | विवरण | प्रति कार्यकम रु | कैफियत |
|---|---|---|---|
| १ | गैर सरकारी संघ संस्थाको लागि | २०००। | |
| २ | अन्य | १०००। | |